मधेश प्रदेश सरकार

# श्रम तथा यातायात मन्त्रालय

## जनकपुरधाम, धनुषा

**सूचना !  सूचना !!  सूचना !!!**

**प्रथम पटक सूचना प्रकाशित मिति:- २०८१/११/१५ गते**

मधेश प्रदेश, श्रम तथा यातायात मन्त्रालय, जनकपुरधामको अर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "**मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम (प्राविधिक, आर्थिक तथा वस्तुगत टेवा सहित)**" कार्यक्रमबाट आफु स्वरोजगार हुन एवं संचालनमा रहेको उद्यम व्यवसायमा थप रोजगार श्रृजना गर्नका लागि तपसिल अनुसारका योग्यता पुगेका महिलाहरुद्वारा संचालित नीजि/साझेदारी फर्म, उत्पादक समूह, सहकारी र कम्पनिहरुबाट आर्थिक/वस्तुगत सहयोग अनुदान प्राप्तिका लागि खुला रुपमा आवेदन माग गरिएको छ।

**अनुदानको सिमा:**

विभिन्न प्रकृति तथा क्षेत्रका व्यावसायीक गतिविधीका लागि देहाय अनुसार अनुदानको सिमा निर्धारण गरिएको छ।

(क) व्यक्तिगत लाभग्राहीलाई बढिमा रु. ५,००,०००।- (पाँच लाख) सम्म।

(ख) उत्पादक समूह बढिमा रु. १०,००,०००।- (दश लाख) सम्म।

(ग) सहकारी संस्था, निजि साझेदारी फर्म तथा कम्पनी बढिमा रु. १५,००,००।- (पन्द्र लाख) सम्म।

माथि उल्लेख गरिएको सिमा र महिला लाभग्राहीद्वारा प्रस्तावित परियोजनाको कुल लगानिको ५० प्रतिशत भन्दा कम रकम मध्ये कम अनुदान मात्र स्वीकृतिका लागि प्रक्रिया लगिने छ।

**आवेदकहरुको न्यूनतम योग्यता:-** कार्यक्रमको लाभग्राहीहरु देहाय अनुसारका रहेका छन्।

(क) स्वरोजगार भई नयाँ काम गर्ने चाहना भएका वा स्वरोजगारमुलक कार्यमा संलग्न महिलाहरु जो आफ्नो व्यावसायिक कार्य विस्तार गर्न चाहेको छ।

(ख) प्रदेश भित्रका बेरोजगार महिलाहरु जसले आफ्नो रोजगारका लागि कृषि तथा गैर कृषि क्षेत्रमा उत्पादनमुलक, सेवामुलक, ट्रेड एवं व्यापार परम्परागत सिप एवं साँस्कृतिक व्यवसाय र सिपमा आधारीत अन्य नयाँ व्यावसायिक कारोबार गर्ने चाहना बोकेका वा गरिरहेको व्यावसायिक कार्य विस्तार गर्न चाहनेहरु।

(ग) नेपाल सरकारले तोकेको परिधिमा रहि महिलाहरुको नेतृत्वमा संचालनमा रहिरहेका समूह र निजि/साझेदारीको व्यावसायिक फर्महरु।

**नोट:-** योग्य आवेदकहरुले श्रम तथा यातायात मन्त्रालयको मधेश स्वरोजगार एप (link:https//molt.madhesh.gov.np) बाट सूचना प्रकाशन भएको मितिले १५ दिने भित्र अनलाईन आवेदन गरि सक्नु पर्नेछ। प्रथम छनौट सुचिमा परेका आवेदकहरुले मात्र आवेदनको प्रिन्टेड प्रति मन्त्रालयमा बुझाउनु पर्नेछ। आवेदन योग्य व्यावसायिक कार्य र आवेदकको योग्यताको बारेमा विस्तृत जानकारीको लागि मन्त्रालयको वेबसाइटमा हेर्नु होला।

**सम्पर्क व्यक्ति:** नविन कुमार शर्मा (शाखा अधिकृत) सम्पर्क नं. ९८४५४४२०१८

**आवेदनका लागि योग्य व्याबसायिक कार्यहरु**

(क) **उत्पादनमुलक उद्यम:** कृषि वा गैरकृषि क्षेत्रको बस्तु उत्पादनमुलक व्यावसायिक कार्य जस्ले आन्तरीक उपभोक्ताको आवश्यकता पुरा गर्न बस्तु उत्पादन गर्छ लाई उत्पादनमुलक उद्यम भनिएको छ। आयात प्रतिस्थापन वा निर्यात प्रवर्धनमा टेवा पुर्याउने खालको उद्यम भएमा विशेष प्राथमिकता दिइनेछ ।

(ख) **सेवामुलक उद्यम :** लाई कृषि वा गैरकृषि क्षेत्रको व्यावसायिक कार्य जस्ले बस्तु उत्पादकहरु वा व्यावसायी लाभग्राहीहरुलाई स:शुल्क परामर्श एवं प्राविधिक सेवा लगायत अन्य सेवाहरु उपलब्ध गराउछ त्यस्ता उद्यमलाई सेवामुलक उद्यमको रुपमा ग्रहण गरिनेछ।

(ग) **ट्रेड एवं व्यापार व्यवासाय:** कृषि, पशुपंक्षी, मत्स्य वा फलफुल जन्य फ्रेस बस्तु उत्पादकहरुवाट प्रत्यक्ष खरिद वा स-साना संकलनकर्ताहरुवाट खरिद गरि संकलन तथा स्तरीकरण वा विक्रि वितरण, एवं प्रशोधन वा निर्यात प्रवर्धन गर्ने व्यावसायीक कार्यहरुलाई ट्रेड एवं व्यापार व्यबसायको रुपमा ग्रहण गरिनेछ।

(घ) **परम्परागत सीप एवं साँस्कृतिक व्यबसाय:** समाजमा परापुर्वकाल देखि चलि आएको परम्परागत व्यावसायिक कार्य जस्को सम्बन्ध हाम्रो चाडपर्व एवं साँस्कृतीक कार्यहरुसंग प्रत्यक्षरुपमा हुन्छ जस्तै आरण, कपाल काट्ने शैलुन, माटोको वस्तु निर्माण, छालाको वस्तु, टेन्ट तथा कैटरिङ्ग सेवा, पौराणिक वाजागाजा, मिथिला पेन्टिङ्ग, सुन/चाँदि/तामा/पितल र अन्य धातुका कारीगरहरु, फुलखेती, दुनाटपरी एवं काठ/बाँस/रेसा जन्य परम्परागत एवं साँस्कृतिक व्यबसायहरुलाई परम्परागत सीप एवं साँस्कृतिक व्यबसायको रुपमा ग्रहण गरिनेछ ।

(ङ) **सीपमा आधारीत अन्य व्यावसायिक कार्य:** सीपयुक्त क्षमता वा प्राविधिक सीपमा आधारीत गैरकृषि क्षेत्रसंग सम्बन्धित विभिन्न किसिमको सेवा व्यबसाय, जडान तथा नव निर्माण एवं मर्मत संभार सम्बन्धि सेवाहरु, सवै खालका रिपेरिङ्ग केन्द्र वा गैराजहरु, फोटो व्यबसाय, फाईन आर्ट, फास्टफुड पसल, इ-रिक्सा, फोहरमैला संकलन वा प्रशोधन, तथा अन्य सीपमा आधारीत व्यावासायिक कार्यहरुलाई सीपमा आधारित अन्य व्यावसायिक कार्यको रुपमा ग्रहण गरिनेछ ।

**लाभग्राहीहरुका योग्यताको विस्तृत विवरण**

**१. व्यक्तिगत लाभग्राहीको योग्यता:** (१) यस कार्यक्रमवाट लाभ लिन योग्य लाभग्राही व्यक्ति वा सेवा प्रदायकहरुको योग्यता देहाय बमोजिमको हुनेछ:

(क) बेरोजगार महिलाहरु ।

(ख) मधेश प्रदेश भित्र स्थायी ठेगाना र वसोवास रहेको ।

(ग) न्युनतम 18 वर्ष पुरा भएको र ५५ वर्ष ननाघेको व्यक्तिहरु ।

(घ) कार्यक्रम संचालनका लागि आफु निवास गरिरहेको स्थानीय तहको रोजगार सेवा केन्द्रमा वेरोजगार सुचिमा दर्ता रहेको प्रमाणीकरणको पत्र तर व्यबसाय विस्तार गर्न चाहेको व्यक्तिको हकमा पत्र आवश्यक नपर्ने । **(अनलाईन आवेदनसंग अपलोड गर्नु पर्नेछ)**

(ङ) सेवा प्रदायकको हकमा आफुले प्रदान गर्न खोजेको सेवा सम्बन्धी लाईसेन्स वा तालिम वा अध्ययन वा कार्य अनुभव सम्बन्धी कागजातको प्रतिलिपी ।**(अनलाईन आवेदनसंग अपलोड गर्नु पर्नेछ)**

(च) अनलाईन आवेदन ।

(छ) अनलाईन आवेदन संग व्यावसायिक योजना ।

(ज) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (अनलाईन आवेदनसंग अपलोड गर्नु पर्नेछ)

२. **उत्पादक समुहको योग्यता:** लाभग्राही उत्पादक समुहले देहाय बमोजिमको कागजात सहित आवेदन गर्नुपर्ने छ।

(क) अनलाईनमा आवेदन फारम भरेको।

(ख) मधेश प्रदेश भित्रकै स्थानीय तहहरुमा दर्ता भएको निस्सा ।(अपलोड गर्नु पर्ने)

(ग) कम्तीमा ७ जना तथा वढीमा २१ जना सम्म महिला सम्मिलित दफा ८ को उपदफा (१) बमोजिम योग्यता पुगेका व्यक्तिहरुको समुहको प्रमाण । (समुह गठन भएको प्रथम वैठकको कपी)

(घ) अनलाईन आवेदन संगको व्यावसायिक योजना ।

(ङ) समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपी र नविकरण गरेको प्रमाण ।

(च) कम्तिमा अन्तिम एक आ.ब. को लेखा परिक्षण प्रतिवेदन तर चालु आर्थिक वर्षमा दर्ता भएको समुहको हकमा लेखा परीक्षण पेश गर्न नपर्ने ।

(छ) समुहको बैंक खाताको स्टेटमेन्ट ।
(ज) प्रस्ताव पेश गर्ने सम्वन्धमा समुहले गरेको निर्णयको प्रतिलिपी ।
(झ) समुहका सवै सदस्यहरुको नागरिकताको प्रतिलिपी सहित सदस्यहरुको संक्षिप्त विवरण।
(ञ) यस्तै प्रकृतिको कार्यक्रमको लागी अन्य सरकारी निकायबाट अनुदान नलिएका उत्पादक समुह ।

३. **निजि/साझेदारी फर्म तथा कम्पनी वा विस्तार गर्न चाहनेहरुको योग्यता:** यस कार्यक्रमवाट लाभ लिन योग्य कम्पनी, निजि/साझेदारी फर्म र विस्तार गर्न चाहने महिला उद्यमहरुले देहाय बमोजिमको कागजात सहित आवेदन गर्नुपर्नेछ।

(क) अनलाईन आवेदन गरेको ।
(ख) अनलाईनमा व्यावसायिक योजना तर्जुमा गरेको ।
(ग) सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी।
(घ) अन्तिम आ.ब. को कर चुक्ता प्रमाण पत्र ।
(ङ) कम्तिमा अन्तिम एक आ.ब. को अडिट प्रतिवेदन ।
(च) PAN/VAT को प्रमाण पत्र।
(छ) यस्तै प्रकृतिको कार्यक्रमको लागी अन्य सरकारी निकायबाट अनुदान नलिएका निजि/साझेदारी फर्म तथा कम्पनी ।